# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौं अन्तर्गत हाल राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा कार्यरत प्रहरी हवल्दार चन्द्रा भण्डारीको शैक्षिक योग्यताको प्रमाण-पत्र झुट्टा देखिन आएकोले आवश्यक कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज चन्द्रा भण्डारीले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतबाट प्राप्त गरेको H.S.(S.L.C.)तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी जवान पदमा स्थायी नियुक्ति लिई प्रहरी हवल्दार पदमा बढुवा समेत भई सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)<br>
सह-सचिव एवं प्रवक्ता